# धानको गवारो (Yellow Borer - *Scirophaga incertuias* White Borer - *Scirpaphaga innotata*)

## पहिचान:



- वयस्क अवस्थामा विभिन्न आकार प्रकारका पुतली हुन्छन् ।
- लाभ्रेहरु फिका पहेँला अथवा गुलावी रङका हुन्छन् । धर्का भएका हुन्छन् । यिनीहरु बिरुवाको डाँठभित्र रहन्छन् ।
- यो पुतली वर्गको किरा हो । जसको लार्भाले गुवोलाई नोक्सान पुऱ्याउँछ ।

## क्षतिको लक्षण:



- गाँज हाल्ने अवस्थामा गुवो मरेको हुन्छ र तान्दा सजिलै आउँछ ।
- बाला लाग्ने अवस्थामा गवारोले गुवो खाँदा सेतो बाला वा फुस्रो बाला भएको हुन्छ ।
- गवारोले एउटा जरामा नोक्सान गरेपछि सँगैको अर्को जरा वा गाँजमा पनि प्रवेश गरी नोक्सान पुऱ्याउँछ ।

## व्यवस्थापन:

- गवारोको क्षती कम गर्न हरेक वर्ष धान काटी सकेपछि रहेको सम्पूर्ण ठुटा निकाली जलाइदिने अथवा ठुटा डुब्ने गरी पानी पटाइदिने ।
- बेर्नाको पातको टुप्पोमा देखिएका फूलहरुलाई पातको टुप्पो चुँडेर नष्ट गर्ने ।
- प्रकाश पासोको माध्यमबाट वयस्क पुतलीलाई आकर्षण गरी मार्ने ।
- धान खेतको आलीमा भटमास लगाउने ।
- ट्राइकोग्रामा ५०००० -१००००० प्रति हेक्टरका दरले रोपाई गरेको ३-४ हप्ता पछि छाड्ने ।
- गवारोहरुको धेरै प्रकोप भएको खेतमा कार्टाप हाइड्रोक्लोराइड ४% जी आर (जस्तै अनुदान विदान कीटाप आदी) वा फिप्रोनिल ०.३% दाना विषादी कुनै एक १.२५ के जी प्रति रोपनीको दरले वा क्लोराएन्ट्रानीलीप्रोल ०.४% जी आर खेतमा छिपछिपे पानी जमाइ छर्ने । विषादी छरेपछि ४ दिनसम्म खेतबाट पानी बग्न दिनु हुँदैन ।
- माकुरा, लामा सिंगे फट्याङ्ग्रा जस्ता मित्र जीवको संरक्षण गर्ने ।

गण्डकी प्रदेश सरकार
**कृषि तथा भूमि व्यवस्था मन्त्रालय**
**कृषि विकास निर्देशनालय**
**बाली संरक्षण प्रयोगशाला**
पोखरा, नेपाल